# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. ९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

922

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (चौथो संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ मा संशोधन : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (यसपछि "मूल ऐन" भनिएको)को दफा २ को:-

(१) खण्ड (ङ१) पछि देहायको खण्ड (ङ२) थपिएकोछ :-

"(ङ२) "मध्यवर्ती क्षेत्र" (वफर जोन) भन्नाले स्थानीय वासिन्दाहरूलाई नियमित रूपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरीको दफा ३क. बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ।"

(२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएकोछ :-

"(ञ१) "संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि श्री ५ को सरकारबाट नियुक्त व्यक्ति सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनमा दफा ३क., ३ख. र ३ग. थप : मूल ऐनको दफा ३ पछि देहायका दफा ३क., ३ख. र ३ग. थपिएका छन :-

"३क. मध्यवर्ती क्षेत्र तोक्न सक्ने : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरीको कुनै पनि क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको मध्यवर्ती क्षेत्रको परित्याग, स्वामित्व हस्तान्तरण वा सिमाना हेरफेर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गर्न सक्नेछ।

३ख. मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण : मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षण सम्बन्धी कार्य संरक्षकले गर्नेछ।

तर यसरी व्यवस्थापन तथा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भू-स्वामित्वलाई कुनै असर पारिने छैन।

३ग. क्षतिपूर्ति दिने : मध्यवर्ती क्षेत्र भित्रका कुनै वासिन्दाको घर जग्गा बाढी पहिरोको कारणबाट राष्ट्रिय निकुञ्ज वा आरक्षको प्राकृतिक सीमाना भित्र पर्न गई त्यस्तो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

वासिन्दाको घर वास उठेमा दफा १६ग. बमोजिम गठित उपभोक्ता समितिको सिफारिशमा सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले दफा २५क. बमोजिम स्थानीय जनताको सामुदायिक विकासको लागि छुट्याइने रकम मध्येबाट निजलाई मुनासिब माफिकको क्षतिपूर्ति दिनेछ।"

४. <u>मूल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ को ठाउँ ठाउँमा रहेका "राष्ट्रिय निकुञ्ज वा आरक्ष" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र" भन्ने शब्दहरू राखिएका छन्।

५. <u>मूल ऐनमा दफा १६ग. थप</u> : मूल ऐनको दफा १६ख. पछि देहायको दफा १६ग. थपिएको छः-

"१६ग. <u>उपभोक्ता समिति</u> : (१) राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भित्र ढलेको रूख, सुकेको काठ, दाउरा र घाँसको व्यवस्थापन गर्न सम्बन्धित संरक्षकले स्थानीय निकायसंग समन्वय गरी उपभोक्ता समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक उपभोक्ता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

६. <u>मूल ऐनको दफा २२ मा संशोधन</u> : मूल ऐनको दफा २२ मा रहेका "राष्ट्रिय निकुञ्ज वा आरक्षको" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरीगाई मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पचासहजार रूपैयाँसम्म र उपरोक्त वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने व्यक्तिलाई पच्चीस-हजार रूपैयाँसम्म नगद पुरस्कार दिन सकिनेछ।"

८. मूल ऐनमा दफा २५क. थप : मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. स्थानीय विकासको लागि खर्च गर्न सकिने : राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये तीस देखि पचास प्रतिशतसम्म रकम स्थानीय निकायसंग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिनेछ।"

९. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

"(१) गैर कानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
925

वा गौरीगाई मार्ने, घाइते बनाउने, खरीद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचासहजार रूपैंयादेखि एकलाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२) उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई चालीसहजार रूपैंयादेखि पचहत्तर-हजार रूपैयाँसम्म जरिवाना वा एक वर्ष देखि दश वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।"

लालमोहर सदर मिति – २०५०।२।२७।४

आज्ञाले,

वेदव्यास क्षेत्री

श्री ५ को सरकारको सचिव



मुद्रकः– मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।